**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40hrs** **Date: 03.09.2026**

### १. एसआईसीबीको पाँचौँ गभर्निङ बोर्ड बैठक सम्पन्न

गान्तोक स्थित सम्मान भवनमा मुख्यमन्त्री प्रेमसिँह तामाङ गोलेको अध्यक्षतामा बिहीवार राज्यको क्षमता निर्माण संस्थान, एसआईसीबीको पाँचौं गवर्निङ बोर्ड सभा सम्पन्न भएको छ। सभामा मुख्यमन्त्रीले सिक्किमका युवा जमातको सीप विकास अनि सशक्तीकरणमाथि केन्द्रित कार्ययोजनालाई अघि बढाउने निर्देशन दिएका छन्। सभामा संस्थान स्थापन भएदेखि अहिलेसम्म प्राप्त भौतिक एवं वित्तीय प्रगतिको व्यापक समीक्षा गरियो । सभामा उपस्थित अधिकारीहरूलाई सम्बोधन गर्दै मुख्यमन्त्रीले स्वीकृत गरिएका सबै निर्णयहरू शीघ्र र प्रभावकारी रूपमा कार्यान्वयन गर्ने निर्देशन दिएका छन्। उद्योगको आवश्यकता अनुकूल सीपमार्फत संस्थागत क्षमता सुदृढ गर्न तथा युवालाई सशक्त बनाउन सरकार पूर्ण रूपमा प्रतिबद्ध रहेको थप बताएका छन्।

### *२. जल शक्ति शिखर सम्मेलनमा सिक्किमद्वारा पहाडी क्षेत्रअनुकूल जल व्यवस्थापनमा जोड*

सिक्किमका पीएचई तथा जलस्रोत मन्त्री सोनाम लामाले सेप्टेम्बर १ र २ तारिख नयाँ दिल्लीस्थित भारत मण्डपमा आयोजित जल शक्ति विभागीय शिखर सम्मेलनमा सहभागिता जनाउनुभयो।सम्मेलनमा मन्त्री लामाले पहाडी राज्यका भौगोलिक तथा जलवायु अवस्थालाई ध्यानमा राखी जल पूर्वाधारको योजना र कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले खानेपानी र ढल व्यवस्थापनको एकीकृत योजना तथा परियोजनाहरू समयमै सम्पन्न गर्नुपर्ने बताउनुभयो। उहाँले प्रधानमन्त्री कृषि सिँचाइ योजना र 'हर खेत को पानी' जस्ता केन्द्र सरकारका योजनाले सिक्किममा सिँचाइ सुविधा र कृषकलाई लाभ पुगेको बताउनु हुँदै सबै सञ्चालनमा रहेका योजनाहरू निर्धारित समयमै सम्पन्न गर्ने जानकारी दिनुभयो।

### *३. हिमताल विस्फोटको जोखिम न्यूनीकरणका लागि सिक्किम सरकारको पहल*

सिक्किम सरकारले उच्च जोखिमयुक्त हिमताल तथा तल्लो तटीय संवेदनशील क्षेत्रलाई केन्द्रमा राख्दै ग्लसियल लेक आउटब्रस्ट (GLOF) को वैज्ञानिक मूल्याङ्कन, निगरानी तथा जोखिम न्यूनीकरणका प्रयासलाई थप सुदृढ बनाउँदै आएको छ। राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरणले भारतीय हिमालय क्षेत्रमा १८९ उच्च जोखिमयुक्त हिमताल पहिचान गरेको छ, जसमा सिक्किमका ४० उच्च जोखिमयुक्त हिमताल रहेका छन्। तीमध्ये १६ वटा Category-A, २ वटा Category-B, ९ वटा Category-C र १३ वटा वर्गीकरण नगरिएका हिमताल रहेका छन्। GLOF को जोखिम तथा तयारीबारे जनसाधारण र सञ्चारमाध्यमलाई सचेत गराउने उद्देश्यले सिक्किम सरकारको विज्ञान तथा प्रविधि विभागले आज हिमताल विस्फोटजन्य बाढी (GLOF) को जोखिमबारे मिडिया सचेतना कार्यशाला आयोजना गरेको छ।

### *४. लागुऔषध दुरुपयोगविरुद्ध सचेतना कार्यक्रम सम्पन्न*

श्रम विभाग, गेजिङ जिल्लाले देन्तामस्थित SDM कार्यालयको प्रेक्षागृहमा राष्ट्रिय लागु औषध समन्वय केन्द्र संयन्त्र तथा लागु औषध दुरुपयोग सम्बन्धी सचेतना कार्यक्रम आयोजना गऱ्यो। कार्यक्रममा प्रशासन, स्वास्थ्य तथा पुलिसका अधिकारीहरू र पञ्चायत प्रतिनिधिहरूको सहभागिता रहेको थियो। वक्ताहरूले लागु औषधको दुष्प्रभाव, समयमै हस्तक्षेप तथा लागु औषध तस्करीविरुद्ध कडा कार्यान्वयनको आवश्यकतामाथि जोड दिए।सहभागीहरूले युवाको संरक्षण तथा देन्तामलाई 'लागु औषधमुक्त ब्लक' बनाउने दिशामा समन्वयात्मक रूपमा काम गर्ने प्रतिबद्धता जनाएका छन्।

### *५. एकल प्रयोग हुने प्लास्टिकविरुद्ध राज्य प्रदूषण नियन्त्रण बोर्डको निरीक्षण अभियान*

राज्य प्रदूषण नियन्त्रण बोर्ड सिक्किमले शहरी स्थानीय निकाय अधिकारी तथा सिक्किम पुलिसको समन्वयमा २ अनि ३ सेप्टेम्बरका दिन विभिन्न नगर क्षेत्रमा एकल प्रयोग हुने प्रतिबन्धित प्लास्टिकविरुद्ध निरीक्षण अभियान सञ्चालन गऱ्यो।अभियानका क्रममा २८.८ किलो प्रतिबन्धित प्लास्टिक सामग्री कब्जा गरी १२ हजार रुपियाँ जरिमाना तोकिएको छ। साथै, सर्वसाधारण, पसले तथा विक्रेताहरूलाई प्रतिबन्धित प्लास्टिक सामग्रीबारे सचेत गराइएको छ।बोर्डले सिक्किमलाई प्लास्टिकमुक्त राज्य निर्माण गर्न सबैलाई सहयोग गर्न आग्रह गरेको छ। यो अभियान नियमित रूपमा जारी रहनेछ।

### *६.सिक्किम फिल्म प्रमोशन बोर्डद्वारा फिल्म क्षेत्र सुदृढीकरणबारे छलफल*

सिक्किम फिल्म प्रमोशन बोर्डको सभा आज सूचना भवनमा सम्पन्न भयो। बैठकमा राज्यको फिल्म तथा सिर्जनात्मक मिडिया क्षेत्रको प्रवर्द्धन र विकासका उपायबारे छलफल गरियो। बोर्डका अध्यक्ष टासी छिरिङ भुटियाले 'In Sikkim, By Sikkim' अवधारणामा आगामी २६ देखि २८ नोभेम्बरसम्म तीनदिने सिक्किम सिने कन्क्लेभ आयोजना गर्ने प्रस्ताव राख्नुभयो। कार्यक्रममा सिक्किमेली फिल्म प्रतियोगिता, प्रदर्शन तथा पुरस्कार कार्यक्रम समावेश गर्ने प्रस्ताव गरिएको छ। बैठकमा स्थानीय फिल्मकर्मीका लागि प्राविधिक उपकरणको पहुँच, सीप विकास, AI-आधारित तालिम तथा स्थानीय प्रतिभा प्रवर्द्धनका विषयमा पनि छलफल भयो।

### *७. आठ गोलको रोमाञ्चक खेलमा GHSC को ५–३ को जित*

एसएफए-ए -डीभीजन एस-लिग 2026 को उन्चासौं खेलमा गान्तोक हिमालयन स्पोर्टिङ क्लबले, हलर्स स्पोर्टिङ सिङतामलाई ३ को विरूद्ध ५ गोलले पराजित गऱ्यो। पहिलो हाफमा हलर्स का इस्माइल राईले दुई गोल गरे भने GHSC का आयुस विश्ट र थुपदेन शेर्पाले गोल गर्दै खेललाई २–२ को बराबरीमा ल्याए। दोस्रो हाफमा पुन: आयुस विश्ट, थुपदेन शेर्पाले र दिपजल शर्माले थप गोल गरे। Howlers का सौकात हुसेनले अन्तिम समयमा एक गोल फर्काए पनि GHSC ले ५–३ को जितसहित तीन अंक प्राप्त गर्न सफल बन्यो।